नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०८३ बैशाख ४ (तद्अनुसार १७ अप्रिल २०२६) गते माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री खडक राज पौडेल 'गनेस' ज्यूसँग नेपालका लागि लिथुआनियाका गैर-आवासीय राजदूत H.E. Ms. Diana Mickeviciene, नेपालका लागि जनवादी गणतन्त्र चीनका राजदूत H.E. Mr. Zhang Maoming र नेपालका लागि जापानका राजदूत H.E. Mr. MAEDA Toru ले यस मन्त्रालयमा छुट्टाछुट्टै शिष्टाचार भेटघाट गर्नुभएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

उक्त भेटवार्तामा राजदूतहरूले नेपालको नयाँ सरकार र माननीय मन्त्रीलाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको कामना गर्नुभयो। मन्त्री पौडेलले नेपालको आर्थिक, सामाजिक र पर्यटन विकासमा चीन, जापान लगायतका मुलुकहरूले पुऱ्याएको योगदानको लागि आभार व्यक्त गर्दै भविष्यमा अझ गहन सहकार्यका लागि आग्रह गर्नुभयो। नेपालको चीन र जापानसँग ऐतिहासिक सम्बन्ध रहेको उल्लेख गर्दै मन्त्री पौडेलले नेपालमा चिनियाँ र जापानी पर्यटकको संख्या वृद्धि गर्न उक्त देशहरुबाट सहयोगको अपेक्षा व्यक्त गर्नुभयो।

यस भेटघाटले नेपालको चीन, जापान र लिथुआनियासँगको सम्बन्ध अझ प्रगाढ हुनका साथै नेपालको पर्यटन क्षेत्रको विकासमा थप सहयोग पुग्ने विश्वास लिएका छौं।

वि.सं. २०८३ वैशाख ४ गते
नेपाल संवत् ११४६ चौलागा

जयनारायण आचार्य
सहसचिव एवम् प्रवक्ता

फोन नं. ४२११८७९, ४२११८७०, ४२११६२० | इमेलः info@tourism.gov.np | वेवसाइटः www.tourism.gv.np